गैर आवासीय नेपाली सङ्घ अमेरिकाको अनलाइन (इमेल) बैठक

इमेलबाट कार्यसमितिमा निर्णयार्थ प्रस्तुत गरिएका विषयहरू

मे २८ तारिक २०२३मा गैर आवासीय नेपाली सङ्घ अमेरिकाको कार्यालय भवनको औपचारिक उद्घाटन पश्चात् अध्यक्ष श्री बुद्धि सागर सुबेदीको अध्यक्षतामा आफ्नै कार्यालयमा कार्यसमिति उपस्थित पदाधिकारी र सदस्य ज्यूहरू, आइसीसी अध्यक्ष रबिना थापा, महासचिव डा केशव पौडेल, सचिव राजन त्रिपाठी, आइसीसी सदस्यहरू, प्रमुख संरक्षक तथा पूर्व अध्यक्ष खगेन्द्र जी सी तथा संरक्षकहरू, उपस्थित सल्लाहकार, अनअरी काउन्सिल मेम्बर, च्याप्टर अध्यक्षहरू समेतको उपस्थितिमा बैठक बस्यो । बैठकमा कार्यालय भवन खरिद र शुभारम्भ गरेकोमा अध्यक्ष श्री बुद्धि सागर सुबेदी सहित सिङ्गो कार्यसमिति र सहयोगी दाताहरूलाई बधाई तथा शुभकामना दिनु भयो । बैठकमा छलफलका लागि निम्न लिखित विषयहरू प्रस्तुत गरियो ।

१निर्वाचनको मिति तय गर्ने सम्बन्धमा
२ वार्षिक साधारण सभा गर्न मिति र स्थान तय गर्ने सम्बन्धमा
३ छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा
४ एनआरएनए पुस्तक र वृत्तचित्र निर्माण गर्ने सम्बन्धमा
५ विविध

बैठकमा प्रस्ताव नम्बर १ मा छलफल गर्दै गैर आवासीय नेपाली सङ्घ अमेरिकाको २०२३-२५ का लागि नेतृत्व चयन गर्न जुलाई १६ तारिक २०२३मा निर्वाचन गर्ने मिति निर्णयार्थ प्रस्ताव गरियो ।

प्रस्ताव नम्बर २ मा छलफल गर्दै संस्थाको वार्षिक साधारण सभा जुलाई २९ तारिक २०२३मा सिकागोमा गर्ने र कन्भेनर अध्यक्ष ज्यूले तोक्ने निर्णयार्थ प्रस्ताव गरियो ।

प्रस्ताव नम्बर ३ युवा विद्यार्थीलाई प्रदान गर्दै आइएको छात्रवृत्ति स्वीकृत गर्दै साधारण सभामा प्रदान गर्ने निर्णयार्थ प्रस्ताव गरियो ।

प्रस्ताव नम्बर ४ मा छलफल गर्दै एनआरएनए अमेरिकाको इतिहास, विकास विस्तार र वर्तमान अवस्थालाई समेटेर पुस्तक प्रकाशन गर्ने साथै यसै सेरोफेरोमा वृत्तचित्र निर्माण गर्ने र त्यसका लागि प्रस्तावित ७५०० अमेरिकी डलर संस्थाले बेहोर्ने निर्णयार्थ प्रस्ताव गरियो ।

प्रस्ताव नम्बर ५ विविध अन्तरगत देवघाट वृद्ध आश्रममा रहनु भएकाहरूको लागि केही रकम औषधि उपचारका लागि प्रदान गर्ने निर्णयार्थ प्रस्ताव गरियो ।

प्रस्ताव नम्बर ५ विविध अन्तरगत जाजरकोट जिल्लामा दुर्गम भेगका विपन्न विद्यार्थीहरूका लागि पुस्तक र शैक्षिक सामाग्री खरिद गर्न आएको प्रस्तावमा छलफल गरी अध्यक्ष, बरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष ज्यूले सहयोग रकम निधारण गर्ने निर्णयार्थ प्रस्ताव गरियो ।

मे २८ तारिक कार्यालय भवनमा भएको बैठकमा १५ जना मात्र उपस्थित रहनु भएको हुँदा कार्यसमितिका उपस्थित हुन नसक्नु भएका र हुनु भएका पदाधिकारी तथा सदस्य ज्यूहरूको माथि उल्लेखित प्रस्तावमा फरक मत वा राय भएमा यो इमेल प्राप्त भएको २४घण्टा भित्र संस्थाको आधिकारिक इमेलमा पठाउन समय दिइएको छ । मिति जुन ५ तारिक २०२३ को दिउसो १ बजे न्यु योर्क समयसम्म आफ्नो मत, राय र विचार राख्नु होला । सो समय सम्म बहुमत पदाधिकारी र सदस्य ज्यूहरूको फरक मत, राय र सुझाव पेस नभएमा माथिका निर्णयार्थ पेश गरिएका प्रस्ताव र निर्णयहरु गैर आवासीय नेपाली सङ्घ अमेरिकाको कार्यसमितिबाट स्वतः पास भएको मानिने छ ।

धन्यवाद

अन्जन कुमार चौलागाई
महासचिव
गैर आवासीय नेपाली सङ्घ अमेरिका
मिति: जुन ४ तारिक २०२३